नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

बबरमहल, काठमाडौं

**निरीक्षण अनुगमन सम्बन्धी विवरण**

यस यस विभागमा प्राप्त उजुरी गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा मिति २०८३/०२/१८ गते देहाय खाद्य व्यवसायरूको अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम देहाय बमोजिम आवश्यक काम कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र. सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | ट्रेड नेस्ट ग्लोबल प्रा.लि., का.म.न.पा -११, ट्रेड टावर | • उजुरी विवरण अनुसारको स्टोरले लेवल विवरण हेरफेर गरी म्याद सकीएका खाद्य पदर्थ बिक्रि नगरेको पाइयो<br>• उक्त स्टोरले अन्य उद्योगबाट उत्पादित तथा प्याक गरिएको खाद्य पदार्थहरु बिक्रि वितरण गरेको पाईयो<br>• स्टोरले छुटै Damage zone बनाएको पाइयो र बिक्रि स्थलमा नरहेको देखियो<br>• स्टोरले सामान्य प्याकिंग समस्या भएको (जस्तै: बट्टा कुचीएका, कोत्रेका) खाद्य पदार्थलाई बिक्रि वितरण गरेको पाईयो। | • स्टोरलाइ प्याकिंग समस्या भएका खाद्य पदार्थ बिक्रि वितरण नगर्न र पूर्णरुपमा सुरक्षित प्याकिंङ भएका खाद्य पदार्थलाईलाई मात्र बिक्रि वितरण गर्न निर्देशन गरेको |
| २. | हैदरावादी बिरयानी हाउस, छेत्रपाटी, काठमाण्डौ | • उक्त हाउस बाटोको नजिक रहेको र बाटो छेउ पकाउने गरेको पाइयो<br>• कामदारले एप्रोन तथा हेयर नेट प्रयोग नगरेको<br>• भाडा सफा गर्ने स्थान र पकाउने स्थान नजिक रहेको<br>• सरसफाई सामान्य रहेको। | • हाउसको भान्सामा बाटोको धुलो तथा अन्य किरा प्रवेश रोक्न उचित तरिकाले बार लगाउन<br>• पकाउने र भाडा सफा गर्ने स्थान छुटै व्यवस्था गर्न<br>• खाद्य स्वच्छताको नियम पालना गरी स्वच्छ एवं गुणस्तरीय खाद्य पदार्थ उत्पादान तथा बिक्रि वितरण गर्न र देखिएको कैफियत सुधार गरी तिन (३) दिन भित्र विभागमा जानकारी गराउन निर्देशन दिईयो। |
| ३. | एनडीज आइसक्रिम एण्ड फास्टफुड इण्डट्रिज प्रा.लि | • उजुरीकर्ताले गुनासो गरे अनुसारको बिग्रेको बेकरी खाद्य पदार्थ नभेटिएको<br>• फास्टफुड इण्डट्रिजको छुटै बेकरी उत्पादन कक्ष र भान्सा रहेको<br>• भान्सामा पूर्ण लेवल विवरण नभएको खाद्य पदार्थ प्रयोग गरेको<br>• बेकरी उत्पादन कक्षको फ्रिजमा अव्यवस्थित रुपमा खाद्य पदार्थ भण्डारण गरेको<br>• उत्पादन गरेको बेकरी खाद्य पदार्थ सोही स्थानमा रहेको पसलबाट बिक्रि वितरण गरेको। | • लेवल विवरण उल्लेख गरी व्यवस्थित रुपमा फ्रिजमा खाद्य पदार्थ भण्डारण गर्न<br>• सरसफाईमा विशेष ध्यान दिन र खाद्य स्वच्छताको नियम पालना गरी स्वच्छ एवं गुणस्तरीय खाद्य पदार्थ उत्पादन तथा बिक्रि वितरण गर्न निर्देशन दिएको<br>• सरसफाई सामान्य रहेको। |

| अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्या: तिन वटा |
|---|

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०२/२८

**अनुगमनका केहि झलकहरु**






